# परमेश्वरको मिसन वा लक्ष्य-मेरो पनि मिसन वा लक्ष्य

# (God's Mission-My Mission)

## (मिशन समाचार सहित)


**लेखक:**

ग्लोबल मिसन केन्द्रका निर्देशकहरू

**(Global Mission Center Directors)**

**भावानुवादक:**

**भजुराम तखाछैं श्रेष्ठ**



**हिमालयन सेक्सन अभ सेभेन्थ-डे एडभेन्टिस्ट**

**सन् २०२३ (बि.सं. २०८०)**


ईन्टरनेट वेबसाईटहरु :

- *https://www.nepalworks.com/bhajupurna*
- *https://www.sabbathschoolpersonalministries.org/international*
- *https://shekinahonme.weebly.com/sabbath-school-lessons.html*
- *https://www.fustero.es/index_ne.php* (पावर प्वाँइन्टको निम्ति)

**प्रतिलिपि अधिकार © जनरल कनफरेन्स अभ सेभेन्थ डे एडभेन्टिस्ट चर्च, साबथ स्कुल विभाग**

**सम्पादकः क्लिफोर्ड आर. गोल्डस्टइन**
प्रथम संस्करण : २०८० (ई.सं. २०२३)

**कम्प्यूटर लेआउट**
सुजीत कुमार साह
☎ ९८४३६५३८४२

भजुराम श्रेष्ठ, ☎ ९८१३१५४४३२
**bhajupurna@gmail.com**
(आन्तरिक प्रयोगको निम्ति मात्र)

प्रकाशक
उमेश कुमार पोखरेल
☎ ९८४३२२८६०६

वितरकः कुबेर लामिछाने
☎ ९८४१७१५०९५

यस अध्ययन पुस्तकमा तोकिएका बाइबलका केहि अंशहरू बाहेक बाइबलका अरू सम्पूर्ण अंशहरू नेपाली बाइबल सोसाइटीले छापेको **copyright @1997, 2006, 2009, 2011** पवित्र बाइबलबाट नेपाली बाइबल सोसाइटीको अनुमतिले उद्धृत गरिएका छन्। उक्त संस्थाको अनुमतिले नै पवित्र बाइबल (सरल नेपाली)बाट पनि अंशहरू उद्धृत गरिएका छन्।

# भूमिका

## कुरामात्र गर्न छोड्नुहोस् र केही गर्न सुरु गर्नुहोस्!

एउटा सिमसागर वा हिलो नै हिलो भएको दलदले पोखरीको बारेमा एउटा अर्तिकथा हाम्रो एडभेन्टिस्ट पत्रिकामा धेरै वर्ष अघि छापेको थियो। त्यो ठाउँ धेरै डरलाग्दो थियो। जब त्यस हिलोबाट मानिसहरू नाघेर जान खोज्छन् तब प्रायजसो तिनीहरू फसिन्थे। त्यस हिलोमा गाढिएर कति मानिसहरू मर्दथे। तिनीहरूका चिच्याहत नजिकको गाउँबाट सुनिन्थ्यो। त्यो एकदम त्रास दिने दलदल थियो।

एक दिन गाउँलेहरू मिलेर त्यस हिलोको पोखरीलाई के गर्ने भनेर सरसल्लाह गरे। धेरै गाउँले सभाहरू गरियो। विभिन्न खालका कार्यपत्रहरू प्रस्तुत भयो। त्यस पोखरीको समाधानको निम्ति धेरै कारणहरू केलाएर प्रस्ताव गरियो। तर केही काम गरेन। त्यस समस्याको समाधानको निम्ति गाउँलेहरूले सभा बोलाइरहे र छलफल गरिनै रहे। वर्षौंसम्म छलफल चलिरह्‌यो। कतिपयले त त्यस विषयमा विश्वविद्यालयको निम्ति अनुसन्धानात्मक रचनाहरू पनि प्रस्तुत गरेका थिए। त्यसबारे व्याख्या गर्ने र भाषण गर्ने धेरै विद्धान पाहुनाहरूलाई बोलाए। गाउँलेहरूका घरमा भएका सामानहरू बेचेर पैसा उठाए। छलफलमा भाग लिन आफ्ना समयलाई त्यागेकोले तिनीहरूलाई खान दिन चन्दाहरू उठाए। सभा गर्न ठूलो कोठा बनाइयो र त्यो साउन्डप्रुफ वा हिलोमा फस्नेहरू रोएको नसुन्ने गरि बनाइयो। छलफलमा ती क्रन्दनहरू सुन्न नपरोस भनेर त्यस्तो कोठाको निर्माण गरिएको थियो। तर दुःखदमा परेका वा हिलोमा परेकाहरूलाई कसैले पनि सहायता गरेन। अनि त्यस सिमसागरमा गएर नहराओस् भनेर कसैले पनि रोक्न प्रयास गरेन। गाउँलेहरू केवल कुरामात्रै गरिरहे।

तपाईंको चर्च र साबथस्कूल क्लासका सदस्यहरू त्यस गाउँका मानिसहरू जस्तो हुन चाहँदैन, चाहन्छ त? हामी प्रार्थना गर्न भेला हुन मनपराउँछौं, हामी छलफल गर्छौं र बिचारबिमर्स गर्छौं। तर हामी त्यसमा मात्र सिमित रहनुहुन्दैन। त्यो भन्दा अघि बढेर हाम्रा वरिपरिरहनेहरूका हितका निम्ति नै केही गर्नैपर्छ। हामी जहाँ छौं हाम्रा समूदायहरू र हाम्रा वरिपरिका संसारलाई फरक पार्न केही न केही गरि देखाउने प्रयास हामीले गर्नैपर्छ।

हामीलाई दिएको काम सिध्याउन चाहन्छौं। येशूको आगमन भएको हामी चाहन्छौं।

यस बाइबल अध्ययन पुस्तकको विषेश खाका छ। प्रभुले हामीलाई दिनुभएको मिसनको बारेमा छलफल गर्ने र त्यसै बिलाएर पठाउनेमात्र होइन, तर हामी सक्रिय भएर केही न केही गरेर देखाऔं भन्ने विषयमा हाम्रो ध्यान जाओस् भनेर यो पुस्तक तयार गरिएको हो। हामीलाई बाइबलका अचम्म कथाहरू केलाउनेछौं। अचम्मका अनुभवहरू र कथाहरू हामीले पढ्नेछौं। हामीसँग उपलब्ध भएका स्रोतहरूको बारेमा हेर्नेछौं ताकि हामी तिनीहरूलाई प्रयोग गरेर हाम्रा छिमेकी र येशूलाई नचिन्नेहरूकहाँ पुग्न सकौं। तर ती स्रोतहरूको माध्यमबाट समाजमा पुग्ने तरिकाहरू नियाल्नेछौं। यस अध्ययन पुस्तकको प्रत्येक अध्यायको पाँचौ बुँदामा हाम्रो हृदयलाई केन्द्रित गर्नेछौं। हामी बाहिर गएर केही न केही गरौं भन्ने चुनौतीलाई व्यवहारमा नै उतारेर देखाउने आँट गर्नेछौं।

यस अध्ययनमा ईश्वरीय विज्ञानबाट केही जानकारीहरू दिनेछौं र केही अवधारणाहरू र त्यसको निम्ति केही प्रयोगात्मक औजारहरू प्रस्तुत गर्नेछौं। यस पुस्तकको प्रत्येक अध्यायको पाँचौं बुँदामा चुनौतीहरूको प्रगति होसियारपूर्वक नियाल्नेछौं। जे सजिलो छ त्यसबाट अघि बढ्नेछौं।

जब यस पुस्तकको अध्ययन विषय अघि बढ्दै जान्छ तब हामीले अपनाउनुपर्ने चुनौतीको नीति गहिऱ्याइमा हामी जानेछौं। यस अध्ययनको मूख्य उद्देश्य हो यसमा भएका चुनौतीहरू हामी व्यक्तिगत रूपमा आत्मसात् गरौं, हामीलाई अगुवाई गर्न पवित्र आत्माको निम्ति प्रार्थना गरौं, हामीले जे सिकेकाछौं त्यसलाई व्यवहारमा उतारौं र प्रत्येक हप्ता केही मिनेट विगतको हप्ताको बारेमा छलफल गर्नेछौं। यो समय हामीले फूर्ति लाउने समय होइन, एक आपसको अनुभव बाँडेर त्यो अनुभव कसरी राम्रो भयो र कसरी भएन भनेर बाँडेर हामी एक आपसको आत्मिक यात्रामा टेवा दिनेछौं। जब हामी छलफल गर्छौं तब सहभागीहरूमा विभिन्न उपयोगी तर्कहरू उब्जिनेछन्। प्रार्थनाको सूची व्यक्तिगत र सामुहिकरूपमा बढ्नेछ।

अन्तमा आएर हाम्रो यो चाहना हो कि यस अध्ययन पुस्तकको सम्झना होस्। यसमा भएका याद गर्नुपर्ने सोचहरू, उपयोगी कथाहरू र गहिरो ईश्वरीय विज्ञानमात्र होइन अरूहरू पनि सम्झियोस् भन्ने हामी चाहन्छौं। यस अध्ययनको अन्त्यमा पवित्र आत्माले हामीलाई कसरी डोऱ्याउनुभयो र हाम्रा

नम्र प्रयासहरूमा परमेश्वरको महिमा र आदरको निम्ति उहाँले कस्तो अचम्म काम गर्न भयो भन्ने ज्ञानमा प्रभावित भएर हाम्रो आत्मिक यात्रा अझ ठोस रूपमा प्रगति गर्न सकौं भन्ने लेखकहरूका कामना छ।

*ग्लोबल मिसन सेन्टर सन् १९८०मा जनरल कन्फरेन्सले पहिलो पल्ट स्थापना गरेको थियो। जनरल कन्फरेन्सको एडभेन्टिस्ट मिसनको निर्देशनमा यो निकाय संचालन हुन्छ। अहिले ती केन्द्रहरु छवटा छन्। यस संसारमा येशूलाई नचिन्नेहरूलाई येशूलाई चिनाउँदै नयाँ समुह प्रभावकारीरूपमा सुरु गराउने ती केन्द्रहरूका उद्देश्य हो।*

*(यस पुस्तक लेखिएको समयमा ती केन्द्रहरूका निर्देशकहरू: पेट्राज बहादुर, रिचार्ड एलोफर, क्लेबर गोनसाल्भस्, क्लिफमन्ड शामीरुडिन, डग भेन, ग्रेग ह्विटसेट हुन्। तिनीहरूलाई सहयोग गरन गारी क्रोस् (एडभेन्टिस्ट मिसनको निर्देशक), होमर ट्रेकारटिन् (अवकाश प्राप्त निर्देशक, ग्लोबल मिसन सेन्टरस्) र जेफ स्कोगिनस (ग्लोबन मिसन योजना निर्देशक)। तिनीहरू सबै जना मिलेर यस अध्ययन पुस्तक तयार गरिएको हो। यसबारे अझ बढि जानकारी यो वेवसाइटमा सम्पर्क गर्नुहोस्: www.GlobalMissionCenters.org*

# विषयसूची


| अध्याय | | पृष्ठ |
|---|---|---|
| १. | परमेश्वरले हामीलाई सुम्पिनुभएको उहाँको लक्ष्यः भाग १ | १ |
| २. | परमेश्वरले हामीलाई सुम्पिनुभएको उहाँको लक्ष्यः भाग २ | १४ |
| ३. | परमेश्वरको लक्ष्यमा लाग्न परमेश्वरको आह्वान | २६ |
| ४. | परमेश्वरको लक्ष्य वा मिसन फैलाउनु | ४१ |
| ५. | परमेश्वरको लक्ष्यमा लाग्न नचाहने बहानाहरू | ५८ |
| ६. | परमेश्वरको लक्ष्यमा समावेश हुने प्रेरणा र तयारी | ७३ |
| ७. | मेरो छिमेकीलाई सुसमाचार सुनाउने लक्ष्य | ८८ |
| ८. | आवश्यक परेकाहरूको निम्ति हाम्रो मिसन | १०० |
| ९. | धनी, सम्पन्न वा उच्च उच्च ओहोदाका मानिसहरूमा... | ११४ |
| १०. | सुसमाचार नपुगेको ठाउँमा सुसमाचार पुऱ्याउनुः भाग १ | १३२ |
| ११. | सुसमाचार नपुगेको ठाउँमा सुसमाचार पुऱ्याउनुः भाग २ | १४५ |
| १२. | एस्तर र मोरडेकाइ | १६४ |
| १३. | परमेश्वरको लक्ष्यको अन्त्य | १८७ |

# अस्थायी पाना

<u>सुझाव:</u> त्रैमासिक अध्ययन पुस १३, २०८० (December 29, 2023) पछि आफ्नो इच्छा अनुसार यो पाना च्याति दिनुहोला। प्रत्येक अध्याय शनिवार बेलुकादेखि शुक्रबार बेलुकासम्मको अध्ययन तिथि तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनु पर्दा प्रत्येक शुक्रबार सम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात साबथमा सिकाउनु होला। याद गर्नुहोस्, यस अध्ययन पुस्तिकालाई बाइबलको हस्तपुस्तिकाको रूपमा उपयोग गर्नु हुन सुझाव गरिन्छ। अरूलाई बाइबल सम्वन्धी शिक्षा दिनु यो अत्यन्त उपयोगी श्रोत हो।

| | | |
|---|---|---|
| १ | अध्याय १ | असोज १६-१९ (September 30- October 6) |
| २ | अध्याय २ | असोज २०-२६ (October 7-13) |
| ३ | अध्याय ३ | असोज २७-कार्तिक ३ (October 14-20) |
| ४ | अध्याय ४ | कार्तिक ४-१० (October 21-27) |
| ५ | अध्याय ५ | कार्तिक ११-१७ (October 28-November-3 ) |
| ६ | अध्याय ६ | कार्तिक १८-२४ (November 4-10) |
| ७ | अध्याय ७ | कार्तिक २५-मङ्सिर १ (November 11-17) |
| ८ | अध्याय ८ | मङ्सिर २-८ (November 18-24) |
| ९ | अध्याय ९ | मङ्सिर ९-१५ (November 25-December1) |
| १० | अध्याय १० | मङ्सिर १६-२२ (December 2-8) |
| ११ | अध्याय ११ | मङ्सिर २३-२९(December 9-15) |
| १२ | अध्याय १२ | मङ्सिर ३०-पुस ६(December 16-22) |
| १३ | अध्याय १३ | पुस ७-१३ (December 23-29) |